नेपाल सरकार

# सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय

सिंहदरबार, काठमाण्डौं

(स्थानीय तह समन्वय शाखा)

पत्र सं.: २०८२/०८३

चलानी नं.: २४१

मितिः २०८२/१०/०६

नेपाल संवत् ११४६

विषयः नसर्ने रोगहरुको स्क्रिनिङ अभियान सञ्चालन सम्बन्धमा।

श्री गाउँपालिका, (सबै)।

श्री नगरपालिका, (सबै)।

स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखाको प.सं. २०८२/०८३, च.नं. ५७, मिति २०८२/०९/२८ को नसर्ने रोगहरुको स्क्रिनिङ अभियान सञ्चालन सम्बन्धी पत्र आवश्यक जानकारी तथा कार्यार्थ यसैसाथ संलग्न गरी पठाइएको व्यहोरा आदेशानुसार अनुरोध छ।

..................

(प्रकाश पन्थी)

शाखा अधिकृत

बोधार्थः

श्री स्वास्थ्य तथा जनसंख्या मन्त्रालय, स्वास्थ्य समन्वय महाशाखा, प्रादेशिक तथा स्थानीय स्वास्थ्य समन्वय शाखा, सिंहदरबार, काठमाडौं।

श्री सूचना प्रविधि शाखाः Website मा Upload गरिदिनुहुन।

नेपाल सरकार

# स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय

स्वास्थ्य प्रवर्द्धन शाखा

प्रादेशिक तथा स्थानीय तह समन्वय शाखा

नेपाल सरकार स्वास्थ्य तथा जनसङ्ख्या मन्त्रालय रामशाहपथ, काठमाडौं

सिंहदरवार, काठमाडौं

पत्र संख्या २०८२/०८३
च. नं ५६

मितिः २०८२।०९।२८
ने.स.११४६ पोहेलागा नवमी

विषयः नसर्ने रोगहरुको स्क्रिनिङ अभियान सञ्चालन सम्वन्धमा।

श्री संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय
सिंहदरवार, काठमाडौ ।

उपरोक्त विषयमा नसर्ने रोगहरु (मधुमेह, उच्च रक्तचाप, मिर्गौला सम्वन्धी रोग, शरीरको उचाइ र तौलको अनुपात आदि) पहिचानका लागि एक महिने अभियान सञ्चालन निर्देशिका, २०८१ बमोजिम प्रत्येक वर्ष फाल्गुण महिनामा नसर्ने रोगहरुको स्क्रिनिङ अभियान सञ्चालन हुँदै आएको विदितै छ। सो सम्वन्धमा चालु आर्थिक वर्ष २०८२/८३ मा फाल्गुण महिनामा आम निर्वाचनको तालिका रहेकोले, अभियानलाई प्रभावकारी रूपमा सञ्चालन गर्न सहज होस भन्ने उद्देश्यले चालु आर्थिक वर्षको हकमा उक्त नसर्ने रोगहरुको स्क्रिनिङ तथा व्यवस्थापन अभियान फाल्गुण महिनाको सट्टा माघ महिनामा सञ्चालन गर्ने गरि स्वास्थ्य विषयगत समितिको २०८२ पौष ९ गतेको वैठकमा निर्णय भएको हुँदा सोहि वमोजिम अभियान सञ्चालनार्थ सवै स्थानीय तहहरुलाई पत्राचार गरी समन्वय र सहजीकरण गरिदिनुहुन अनुरोध छ । साथै कार्यक्रम संचालन पश्चात प्रत्येक स्थानीय तहहरुले सो सम्वन्धी प्रगति विवरण स्वास्थ्य सेवा विभागमा उपलव्ध गराउने सम्वन्धमा सहजीकरणको लागि निर्णयानुसार अनुरोध छ ।

..............................
पवित्रा ढकाल
शाखा अधिकृत